# माण्डवी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**जस्पुर,प्यूठान**
**लुम्बिनी प्रदेश , नेपाल**

मो: ८८५७८३६००६
Website: www.mandavimun.gov.np
E-mail: info@mandavimun.gov.np, mandavimun2073@gmail.com


## प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/०२/०९**

माण्डवी गाउँपालिका र प्रदेश सरकार, लुम्बिनी प्रदेशको शसर्त अनुदान अन्तर्गत आ.व.२०७७/०७८ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार कोशेली घर स्थापना तथा संचालनका लागि अनुदानमा रु.१० लाख प्राप्त भएको छ । उक्त कार्यक्रम कार्यन्वयन गर्नका लागि गाउँपालिकाका इच्छुक उद्यमी, समुहहरु वा सहकारी हरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र (मिति २०७८/०२/१५गते भित्र) यस कार्यालयमा तपशिल अनुसारका कागजातहरु संलग्न राखि विवरण आवेदन सहित प्रस्ताव पेश गरी दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। प्रस्ताव साथ पेश गर्नु पर्ने, संलग्न गर्नु पर्ने कागजात, मापदण्ड यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ। रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।

**संलग्न गर्नुपर्ने कागजातहरु**

- निबेदन
- आवेदनको हकमा नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि र संस्थाको हकमा सस्था दर्ता तथा नबिकरण गरेको प्रमाणपत्र ।
- लागत साझेदारी उद्यमीको हकमा २०% साझेदारी समुह वा सहकारीको हकमा २५% साझेदारी प्रतिवद्धता ।
- प्रस्तावकले लागत साझेदारी गर्ने प्रतिवद्धता ।
- जग्गाको लालपुर्जा / भाडा (कम्तिमा १० बर्षको ) सम्झौता पत्रको प्रतिलिपि १ थान ।
- प्रस्ताव अनुसारको इन्जिनियरिङ डिजाइन तथा लागत अनुमान ।
- कार्य सम्पन्न गर्ने कार्य योजना ।
- कोशेली घर प्रस्ताव गर्दा बजार क्षेत्र वा सडकको दाँया बाँयाको क्षेत्र हुनुपर्ने ।
- सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

..................
शिसिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत